# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
## कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ, दैलेख कर्णाली प्रदेश,नेपाल

**नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना**
**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७७।०५।०१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. र यस भगवतीमाई गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको तोकिएको क्षेत्रहरुबाट निर्धारण मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | सुचना नं./ बोलपत्र नं. | वोलपत्रको नाम | उत्खनन् परिणाम(घन फिट) | न्युनता बोलपत्र रकम (सेवाशुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १. | १/०७७/०७८ | लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर जिर्कु पुलसम्म (भगवतीमाई गा.पा. वडा नं. ७ वडाभैरव तर्फको खण्ड) | २७८३। | ३०००००। | कवोल अंकको ५ प्रतिशत | १०००। |
| २. | २/०७७/०७८ | कट्टी खोलाको तोकिएको क्षेत्र । | २३२० | २५००००॥ | कवोल अंकको ५ प्रतिशत | १०००। |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व इकाईमा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको धरौटी खाता नं. १५१०१०९३२८८०००४१ जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलवन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगान, फोन नं., मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन, रितपुर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखी विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण व्यवसायी र निजको प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्र दाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगतै पछी कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत